जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३० अंक १३९ २०७७ साल पुस १५ गते बुधबार (30 Dec. 2020 Wednesday) मूल्य रु. ५/-
**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु**

- जवर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : बालअधिकार हननको ... २ पृष्ठमा : सन् २०२० मा ५० ... ३ पृष्ठमा : पाँच सय १२ स्थानीय ...

# संयुक्त यूवा विद्यार्थीले बिथोल्यो राजावादीको कार्यक्रम, गाडी रोकी तुल र ब्यानर जलाए



**दैनिक समाचारदाता राजविराज, १४ पुस ।**

राजावदीहरुले मंगलबार राजविराजमा गर्न लागेको बृहत प्रदर्शनलाई संयुक्त यूवा विद्यार्थी सप्तरीले बिथोलि दिएका छन् । राजासहितको हिन्दु राष्ट्र स्थापनाको माग गर्दै मंगलबार राजविराजस्थित शिव मन्दिरको प्राङ्गणमा प्रदर्शन गर्न भेला हुन नपाउँदै यूवा विद्यार्थीहरुले सो कार्यक्रम बिथोलेका हुन् ।

एक सातादेखी भइरहेको प्रदर्शनको तयारी र प्रचारप्रसारपछि राजविराजस्थित शिवमन्दिर परिसरमा बिहान ११ बजेतिर संगठनका अगुवा तथा कार्यकर्ताहरु झण्डा र ब्यानरसहित एकजुट हुन नपाउँदै कार्यक्रम बिथोलिएको छ ।

नेकपा (प्रचण्ड-माधव समूह) निकट राष्ट्रिय यूवा संघ नेपाल, काँग्रेस निकट नेवि संघ तथा जसपा निकट राष्ट्रिय विद्यार्थी संघमा आवद्ध यूवा विद्यार्थी नेता कार्यकर्ताले राजावादी पक्षधर सप्तरी समाज नामक संस्थाले निकाल्न लागेको प्रदर्शनलाई बिथोलेका छन् ।

संयुक्त विद्यार्थी सप्तरीमा आवद्ध राष्ट्रिय विद्यार्थी संघका राष्ट्रिय अध्यक्ष किशोर कुमार यादव, राष्ट्रिय यूवा संघ नेपालका केन्द्रिय सदस्य निरन्जन झा, नेवि संघका जिल्ला अध्यक्ष घनानन्द यादव लगायतको नेतृत्वमा आएका यूवा विद्यार्थीले हस्तक्षेप गरि राजावादी चढेर आएका गाडीका साथै ल्याएको तुल र ब्यानर खोसेर आगो लगाइदिएका थिए । उक्त घटनापछि विद्यार्थीहरुले टायर बालेर प्रदर्शन र राजाबिरुद्ध चर्को नाराबाजी समेत गरेका थिए ।

राजावादीहरुले संविधान बिरोधी काम गरेका कारण आफूहरुले हस्तक्षेप गरेको संयुक्त यूवा विद्यार्थीमा आवद्ध विद्यार्थी नेताहरुले बताएका छन् । संविधानमा राजतन्त्रको व्यवस्था नरहेको र धर्म निरपेक्ष राष्ट्र रहेका कारण आफूहरुले कार्यक्रम बिथोलेको उनीहरुको भनाई छ ।

यता राजावादी र हिन्दु राष्ट्रपक्षधर सप्तरी समाजका सल्लाहकार बिनोद कुमार पाण्डेले हस्तक्षेपलाई दुर्भाग्यको संज्ञा दिँदै संविधानमा सबैले आ-आफ्नो विचार राख्न पाउने व्यवस्थाका बाबजुद निरंकुश शैलीमा आफूहरुको कार्यक्तम बिथोलिएको बताएका छन् ।

कार्यक्रम बिथोल्दा प्रहरी प्रशासन मुकदर्शक बनेको बताउँदै उनले केही दिनभित्रै पुन: तयारीका साथ कार्यक्रम गर्ने जानकारी समेत दिएका छन् ।

यसैबीच मंगलबारै सप्तरी समाजका अध्यक्ष राजेश दास र सल्लाहकार पाण्डेको अगुवाईमा एक समूहद्वारा जिल्ला प्रशासन कार्यालयमा पुगि प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् ।

ज्ञापनपत्रमा शान्तिपूर्ण कार्यक्रममा एकपक्षद्वारा गरिएको हस्तक्षेप र प्रहरी प्रशासनको मौनताप्रति खेद व्यक्त गर्दै केही दिनभित्रै जिल्लामा हुने शान्तिपूर्ण प्रदर्शन आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाउन माग गरिएको छ ।

# ओली बिरुद्ध नेकपाको बृहत प्रदर्शन



**दैनिक समाचारदाता राजविराज, १४ पुस ।**

संसद विघटनको बिरोधमा मंगलबार नेकपा दाहाल नेपाल समूहले देशव्यापी प्रदर्शन गरेको छ । सोही अन्तरगत सप्तरी सदरमुकाम राजविराजमा पनि बृहत प्रदर्शन गरिएको छ ।

पार्टी कार्यालय मदननगरबाट निस्केको बिरोध जुलुसका सहभागिहरुले प्रतिनिधिसभा विघटन गर्ने राष्ट्रपति र प्रधानमन्त्रीको कदम फिर्ता लिन माग गर्दै सो नभए आन्दोलनबाटै सरकारको असंबैधानिक कदम फिर्ता लिन बाध्य पार्ने चेतवानी समेत दिएका छन् ।

चरणबद्ध सडक संघर्षको घोषणा गरेको दाहाल नेपाल समूहले सोमबार राजविराजमा मसाल जुलुस प्रदर्शन गरेको थियो भने मंगलबार शक्ति प्रदर्शन सँगै बिरोध जुलुस निकालेको हो ।

सो जुलुस बजार परिक्रमा पश्चात् स्थानिय नेता चौकमा आयोजित बिरोध सभालाई जिल्ला अध्यक्ष अशोककुमार मण्डल, प्रदेश

*बाँकी अन्तिम पृष्ठमा*




# तेल ट्याङ्करको ठक्करबाट किशोरीको मृत्यु

**दैनिक समाचारदाता राजविराज, १४ पुस ।**

पूर्व-पशिचिम राजमार्ग अन्तरगत सप्तरीको भारदहमा सोमबार साँझ तेल ट्याङकरले ठक्कर दिँदा साइकलमा सवार एक किशोरीको मृत्यु भएको छ ।

मृत्यु हुनेमा जिल्लाको तिरहुत गाउँपालिका ३ का देव नारायण दासकी १३ बर्षिया छोरी लक्ष्मी कुमारी रहेको इलाका प्रहरी कार्यालय भारदहले जनाएको छ ।

पूर्वबाट पशिचम तर्फ जादै गरेको ना.४ख. ३७३३ नम्बरको ट्याङकरले दुध बोकेर बाटो काट्ने क्रममा साइकललाई ठक्कर दिएको थियो ।

ठक्करबाट गम्भिर घाइते भएकी किशोरीको विराट नर्सिङ्ग होम विराटनगरमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## सम्पादकीय ....

# मुलुकको रक्षाका लागि सबै दल एकजुट हुनुपर्छ

बढ्दो राजनीतिक अस्थिरताका कारण मुलुक पुनः राजनीतिक द्वन्दमा फसेको छ । प्रधानमन्त्रीको असंबैधानिक कदम बिरुद्ध अहिले सम्पूर्ण राजनीतिक दल बिरोधमा उत्रिएका छन् । यसले अहिले मुलुक पूर्णरुपले राजनैतिक द्वन्दको चपेटमा फसेको छ । मुलुक पुनः द्वन्दमा फसेको अवस्था सबै राजनीतिक दलले संयमताका साथ समाधानतर्फ अग्रसर हुनुपर्छ ।

कुनै पनि राजनीतिक समस्या समाधानका लागि मुलुकका सम्पूर्ण दलहरु एकजुट हुनु आवश्यक छ । यदी यस्तो सकेन भने मुलुकमा अस्थितरता कायम रहने छ । गणतन्त्रमा मुलुकलाई समृद्ध गर्ने काम राजनीतिक दलकै हुन्छ । तर, मुलुकको प्रमुख राजनीतिक दल नै यसको बिरुद्ध कुनै कदम उठाएमा अन्य राजनीतिक दलले त्यसको प्रतिरक्षामा अगाडी आउन सक्नु पर्दछ । अनिमात्र मुलुकमा गणतन्त्रको रक्षा हुनसक्छ ।

तसर्थ यस्तो परिस्थितिमा मुलुकको सम्पूर्ण राजनीतिक एकजुट भएर मुलुकमा स्थापित संघीय गणतन्त्रयसको रक्षाका लागि लाग्नु पर्ने अहिलेको आवश्यकता रहेको छ । होइन भने यसमै अन्य अदृश्य शक्तिले पनि चहलखेल गर्न सक्ने सम्भावना पनि उत्तिकै रहको कुरामा दुई मत नहोला ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# बालअधिकार हननको घटनामा वृद्धि




सप्तरी, १४ पुस (रासस) ।

सप्तरीमा बालअधिकार हननको घटनामा वृद्धि हुँदै गएपछि सरोकारवाला चिन्तित भएका छन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) सप्तरीले सोमबार सार्वजनिक गरेको सन् २०२० को प्रतिवेदनमा अभिलेख गरिएको १३० घटनामा बालअधिकार हननको मात्रै ५० वटा घटना सार्वजनिक भएपछि सरोकारवालाले चिन्ता व्यक्त गरेका हुन् ।

जिल्ला न्यायाधीश राजेन्द्रकुमार श्रेष्ठले सबैले आ-आफ्नो भूमिका प्रभावकारी बनाउन आवश्यक रहेको बताउनुभयो । राजविराज नगरपालिकाका उपप्रमुख साधना झाले नागरिकमा चेतना बढे मात्र बालअधिकार हनन्को घटनामा कमी आउने उल्लेख गर्दै मानवअधिकार र विकासले स्थायित्व लिन कर्मचारीको भूमिका महत्वपूर्ण रहने बताउनुभयो ।

जिल्ला अदालतका श्रेस्तेदार कुमार मास्केले बालबालिका हनन्का घटना न्यूनीकरणका लागि महिला सञ्जाल र आमा समूहलाई सशक्त बनाउनुपर्ने उल्लेख गर्दै उनीहरू सुरक्षित र स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारबाट वञ्चित हुनु परेकोमा स्थानीय तहको ध्यानाकर्षण गराउनुभयो ।

नागरिक समाजका अध्यक्ष थानसिंह भन्सालीले जनप्रतिनिधि, प्रहरी र अगुवा नै गैरजिम्मेवार भएकाले बालअधिकार हननको घटना बढेको बताउनुभयो । सन् २०२० को अवधिमा बालक हत्याको तीन उजूरी परेकोमा एक घटनामा एक जना पूर्पक्षका लागि थुनामा र दुई बालक जमानीमा रिहा भएका छन् । अन्य दुई घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद धमलाले बताउनुभयो ।

प्रतिवेदन सार्वजनिक गर्दै इन्सेक प्रतिनिधि मनोहरकुमार पोखरेलले एक वर्षको अवधिमा बढी चर्चामा रहेका घटनामा सामूहिक बलात्कारको घटना उजूरी गर्न डाक्नेश्वरी नगरपालिका- ७ ललितपुरका पञ्चहरूले रोक लगाएपछि सोही ठाउँकी १७ वर्षीया बालिकाले भदौ ३० गते गरेको आत्महत्या घटना रह्यो । सो घटनामा पक्राउ परेका दुई बालक असोज २७ गते पूर्पक्षका लागि बालसुधार गृह वीरगञ्जमा छन् । आत्महत्या दुरुत्साहन समेतको सो घटनामा पञ्च जयकान्त मण्डल, वासुदेव मण्डल र सत्यनारायण मण्डललाई जनही रु एक लाख १० हजार धरौटी राखेर असोज २७ गते र मुख्य पञ्च शत्रुधन मण्डलले पुस ८ गते दुई लाख धरौटी राखी पूर्पक्षका लागि रिहा भएका छन् ।

सो अवधिमा बालिका बलात्कारको २६ घटनामा चारदेखि १७ वर्षीया २६ जना बालिका पीडित भएका छन् । पीडितमध्ये तीन अपाङ्गता भएकी बालिका रहेका छन् । आरोपित सात वर्षदेखि ४५ वर्षका ३४ जना छन् । आरोपितमध्ये १६ जना पूर्पक्षका लागि थुनामा र एक बालक बालसुधार गृहमा छन् भने ७ र ८ वर्षीय दुई बालकमाथि मुद्दा चल्न नसकेर अभिभावकको जिम्मा लगाइएको छ ।

एक जना धरौटीमा रिहा भएका छन् । आरोपितमध्ये एक जना अपरिचित र एक जना बालिकाका बुबासमेत १४ जना पक्राउ परेका छन् । बाल यौन दुर्व्यवहारका ११ घटनामा सातदेखि १७ वर्षीया १२ बालिका पीडित भएका छन् । आरोपितमा १८ देखि ७६ वर्षीय २१ जना रहेका छन् । तीमध्ये दुई जना पूर्पक्षका लागि थुनामा छन् भने सात जना धरौटीमा रिहा भएका छन् । दुई जना हालै पक्राउ परेका छन् भने १० जना फरार छन् ।

यो अवधिमा पाँच वर्षीय बालकलाई अप्राकृतिक मैथुन गरेका आरोपमा २० वर्षीय बालक पक्राउ परेका छन् । बालविवाहका पाँच घटना जनप्रतिनिधि, प्रहरी, इन्सेक, बाल सञ्जाल र गाउँलेको पहलमा रोकिएको छ भने एउटा बाल तथा बहुविवाहको आरोपित दुई जना फरार छन् ।

बालिका बेचविखनका दुई घटनामा १५, १४ र १३ वर्षीया बालिका पीडित भएका छन् । आरोपितमध्ये ४२ वर्षीया पूर्पक्षका लागि थुनामा र १६ वर्षीय बालसुधार गृहमा छन् । अन्य ४५, १९ र १८ वर्षीय पुरुष हालसम्म पक्राउ परेका छैनन् । पाँच बालकलाई कूटपिट गरेको एक घटनाका आरोपित विद्यालयका निर्देशकमाथि कुनै कारवाही भएको छैन् ।

इन्सेकको तथ्याङ्कमा एक वर्षको अवधिमा १३० मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका घटना सङ्कलन गरिएको छ । जिल्ला बार इकाइ सप्तरीका अध्यक्ष डोमन साहको अध्यक्षता एवं प्रेस स्वतन्त्रता सेनानी र इन्सेक सदस्य वैद्यनाथ झाले स्वागत गर्नुभएको कार्यक्रममा वक्ताहरूले हिंसा नियन्त्रणका लागि समन्वय र सहकार्यका साथै राज्यले सक्रियता बढाउनुपर्ने र अन्यले आफ्नो भूमिकालाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा जिल्ला न्यायाधिवक्ता कैलाश दाहाल, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य अवधेश झा, सगरमाथा अपाङ्ग कल्याण सङ्घका अध्यक्ष बलदेव मण्डल, एकल महिला समूहकी प्रदेश नं २ अध्यक्ष अनिता देवकोटा, सहयोगी समाजका रामप्रकाश चौधरी, निमित्त कारागार प्रमुख सञ्जयकुमार राम, जिल्ला सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता सुदर्शन निरौला, सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायणलाल दास, दहेज मुक्त मिथिलाकी अध्यक्ष करुणा झा, राजविराज नगर बाल सञ्जालकी अध्यक्ष अनिषा ठाकुरलगायत अधिवक्ता, सञ्चारकर्मी र अधिकारकर्मीले प्रस्तुत प्रतिवेदनमाथि टिप्पणी गर्नुभभएको थियो ।

## विश्व समाचार

# सन् २०२० मा ५० पत्रकारको हत्या

पेरिस, १४ पुस (रासस/एएफपी) ।

सन् २०२० मा विश्वभरी कुल ५० पत्रकार तथा सञ्चारकर्मीको हत्या भएको छ । रिपोटर्स विथाउट बोडर्सले मङ्गलबार वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै हत्याका अधिकांश घटना द्वन्द्वग्रस्त मुलुकमा भएको उल्लेख गरेको छ । प्रतिवेदनले अपराध, भ्रष्टाचार, वातावरणलगायतका विषयमा खोजमुलक समाचार लेख्ने पत्रकार बढी प्रभावित भएको औँल्याएको छ । हत्याका घटना विशेष गरेर मेक्सिको, भारत र पाकिस्तानमा भएको भन्दै त्यहाँका घटनाका बारेमा धेरै चर्चा प्रतिवेदनमा गरिएको छ । पत्रकार हत्यासम्बन्धी घटनामध्ये ८४ प्रतिशत घटना नियोजित र योजनाबद्ध रुपमा भएको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ । जबकी गत बर्ष सन् २०१९ मा यस्ता घटना ६३ प्रतिशत मात्रै रहेको पनि बोडर्सले जनाएको छ ।

"यस संस्थाले लामो समयदेखि वार्षिक यस्ता प्रतिवेदन सार्वजनिक गर्ने गरेको छ, तर यस्तो अवस्था कमै मात्रै देखिएको थियो," रिपोर्टर्स विथाउट बोडर्सका प्रधान सम्पादक पौलिन अडेस मेभेलले भन्नुभयो । सबैभन्दा धेरै पत्रकारको हत्या मेक्सिकोमा भएको पाइएको छ । मेक्सिकोमा आठ पत्रकारको हत्या भएको प्रतिवेदनमा उल्लेख छ । उनीहरुको हत्या विशेष गरेर लागुऔषध ओसारपसार र राजनीतिक घटनासँग सम्बन्धित भएर गरिएको उहाँले जानकारी दिनुभयो । मेक्सिकोमा भएको हत्यामा संलग्नमध्ये कसैलाई कारबाही भएको छैन ।

अफगानिस्तानमा द्वन्द्वका क्रममा पाँच पत्रकारको हत्या भएको छ । शान्ति वार्ताको प्रयास भइरहे पनि अफगानिस्तानमा लामो समयदेखिको द्वन्द्व अझै कायमै छ । विश्वभरी अघिल्लो वर्ष सन् २०१९ मा ५३ पत्रकारको हत्या भएको थियो । त्यो अनुसार यस वर्षको सङ्ख्या भने कम भएको हो । कोरोनाभाइरसको महामारीका कारण हिंसात्मक घटना कम भएको, पत्रकार कार्यक्षेत्रमा कम गएकोलगायतका कारणले कमी आएको हुन सक्ने बोडर्सले जनाएको छ ।

# बंगलादेशमा रोहिङ्ग्या शरणार्थी स्थानान्तरण अभियान जारी

ढाका, १४ पुस (रासस/एएफपी) ।

बङ्गलादेशमा शरणार्थीका रुपमा रहेका रोहिङ्ग्या मुस्लिम समुदायका केही व्यक्तिलाई चार वटा नौसैनिक जहाजमा राखेर मङ्गलबार अन्यत्र स्थानान्तरण गरिएको छ । बङ्गलादेशले हाल रोहिङ्ग्या शरणार्थी शिविरमा निकै भीड भएको भन्दै बङ्गलादेशकै अर्को टापुमा केही शरणार्थीलाई स्थानान्तरण गर्ने प्रक्रिया थालेको छ । रोहिङ्ग्या शरणार्थीलाई उनीहरुकै मुलुक म्यान्मार फर्काउने विषयमा भइरहेका प्रयास तत्कालका लागि सफल नभएपछि बङ्गलादेशले नयाँ कदम चालेको हो । सरकारले झण्डै एक हजार ८०० शरणार्थीले भाशान चार भन्ने टापुमा नयाँ जीवन शुरु गर्न इच्छा देखाएको जनाएको छ । यस टापुमा यसै महिनाको शुरुतिर एक हजार ६०० शरणार्थी स्थानान्तरण भइसकेका छन् ।

अधिकारकर्मीले शरणार्थी स्थानान्तरण प्रक्रियामाथि शंका व्यक्त गरेका छन् । उनीहरुको भनाइमा कतिपय शरणार्थीलाई जबर्जस्ती नयाँ स्थानमा स्थानान्तरण गरिएको छ । बङ्गलादेश सरकारले करिब १० लाख शरणार्थीमध्ये नयाँ स्थानमा एक लाखलाई नयाँ घर बनाएर राख्न चाहेको स्पष्ट पारिसकेको छ । यस टापुमा हरेक वर्ष बंगालको खाडीबाट शुरु हुने डरलाग्दा समुद्री छालले दुःख दिने गरेको छ । स्थानान्तरित हुने रोहिङ्ग्या समुदायका व्यक्तिले चटगाउँबाट भाशान चारतर्फ प्रस्थान गर्नुअघि आफूसँग भएका सरसामान, खेलौना, कुखुरासमेत बोकेका थिए । साथीहरुसँग छुट्टिनुअघि उनीहरु एकअर्कासँग अंकमाल गर्दै सेल्फी खिचिरहेका थिए । बङ्गलादेशका विदेशमन्त्री अब्दुल मोमिनले भाशान चार निर्जनजस्तो देखिए पनि यो "सुन्दर रिसोर्ट" रहेको बताउनुभयो । म्यान्मारको सैन्य कारबाहीबाट जोगिन सन् २०१७ मा ठूलो संख्यामा रोहिङ्ग्या मुस्लिम समुदाय पलायन भएर सीमावर्ती बङ्गलादेशमा आइपुगेका थिए । यहाँ हाल करिब १० लाख शरणार्थी छन् । रोहिङ्ग्या समुदायको पलायन रोक्ने विषयमा बङ्गलादेश दिर्घकालीन समाधान खोज्न सङ्घर्षरत रहेकै अवस्थामा बङ्गलादेशी अधिकारी भने रोहिङ्ग्याका लागि भाशान चारमा राम्रो बसोबास र सुरक्षा उपलब्ध गराउने अभियानमा लागेका छन् ।

विदेश मन्त्री मोमिनले भाशान चारमा रहेको व्यवस्थाबाट रोहिङ्ग्या समुदायका व्यक्ति निकै प्रसन्न रहेको दाबी गर्नुभयो । कतिपय रोहिङ्ग्या समुदायका व्यक्तिले आफू खुशीसाथ नयाँ स्थानमा जान लागेको बताएका छन् । सैनिक जहाजमा चढेका शाफी आलमले पुरानो शिविर निकै भीडभाडयुक्त र घुमघामसमेत गर्न कठिन हुने किसिमको रहेको बताउनुभयो । डिसेम्बर ४ मा पहिलो पटक स्थानान्तरित गरिएकामध्ये कतिपय रोहिङ्ग्याले बङ्गलादेशी प्रहरीले आफूलाई कुटपिट गरेको र धम्क्याइएको बताएका थिए । राष्ट्रसङ्घले रोहिङ्ग्याको स्थानान्तरण प्रक्रियामा आफू सहभागी नरहेको बताएको छ ।

# कोरोनाको खोपः "स्पुट्नीक भी" प्रयोग गर्ने दोस्रो देश बन्यो बेलारुस

मस्को, १४ पुस (रासस/एएनआई) ।

रसियामा निर्मित कोरोनाभाइरस विरुद्धको खोप स्पुटनीक भी प्रयोग गर्ने देशमा बेलारुस दोस्रो बनेको छ । यसअघि रुसले यसको प्रयोग गरेको थियो । यो खोपको विकास पनि रुसमा नै एक सरकारी निकायले गरेको थियो । स्पुटनीक भी खोप उत्पादन गर्ने निकायको आधिकारिक सामाजिक सञ्जालमा लेखिएको छ, "यो खोप प्रयोग गर्ने देशको सूचीमा बेलारुस दोस्रो भएको छ, बेलारुसमा आम नागरिकलाई पनि यो खोप लगाउन थालिएको छ ।"

सो निकायले आफ्नो खोप विश्वसनीय र प्रभावकारी भएको, तर शरीरमा कुनै प्रतिकूल प्रभाव नपर्ने दाबी पनि गरेको छ । स्पुटनीक भी खोप लगाएकालाई लाभ नै भएको र धेरैले राहत महसुस गरेको सो निकायले सामाजिक सञ्जालमा लेखेको छ । रुसका स्वास्थ्य मन्त्री दिमित्री पिनेभिचले कोरोनाविरुद्धको खोप प्रयोग गर्ने अवसरलाई बेलारुसले राम्रोसँग प्रयोग गरेको बताउनुभयो । बेलारुसमा सोमबार एक दिन मात्रै एक हजार ८१४ जना नयाँ कोरोना सङ्क्रमित थपिएका छन् भने अहिलेसम्म एक लाख ८८ हजार ५८८ जना सङ्क्रमित भएका छन् ।

# पाँच सय १२ स्थानीय निकायमा इन्टरनेट जडान

काठमाडौं, १४ पुस (रासस) ।

देशभर उच्च गतिको ब्रोडब्याण्ड इन्टरनेट पुऱ्याउने काम जारी छ । गत मङ्सिर मसान्तसम्म ७३ प्रतिशत जडान सम्पन्न भएको छ । नेपाल दूरसञ्चार प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोषको रकम प्रयोग गरी ब्रोडव्याण्ड इन्टरनेट सेवा उपलब्ध गराउने काम जारी राखेको हो । यस सम्बन्धी परियोजनालाई १८ वटा प्याकेज बनाएर सञ्चालन गरेको र हालसम्म ७२ दशमलव ९३ प्रतिशत जडान सम्पन्न भएको प्राधिकरणले जनाएको छ ।

विभिन्न १२ वटा प्याकेज अन्तर्गत देशका ४६ जिल्लामा तोकिए बमोजिमका स्थानमा जडान सम्पन्न भएको प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालले जानकारी दिनुभयो । उहाँका अनुसार १८ प्याकेजका १५ हजार ९८२ स्थानमध्येमा हालसम्म ११ हजार २१३ स्थानमा इन्टरनेट जडान सम्पन्न भएको छ । हालसम्म ५१२ स्थानीय निकायमा इन्टरनेट जडान सम्पन्न भएको छ । यसैगरी पाँच हजार ९३३ वडा कार्यालयमध्येमा हालसम्म चार हजार २१३ स्थान, पाँच हजार २२५ माध्यमिक विद्यालयमध्येमा हालसम्म तीन हजार ५०५ स्थान र चार हजार १२२ स्वास्थ्य संस्थामध्येमा हालसम्म दुई हजार ९८३ स्थानमा इन्टरनेट जडान सम्पन्न भएका छन् ।

प्राधिकरणको तथ्याङ्कअनुसार चार हजार ७६९ स्थानमा जडानको कार्य बाँकी रहेको छ । प्राधिकरणको तथ्याङ्कअनुसार दुई वटा प्याकेज अन्तर्गतका नौ जिल्लामा ५० प्रतिशत भन्दा बढी, चार प्याकेज अन्तर्गतका १९ जिल्लामा नेटवर्क तथा कनेक्टिभिटी जडानका लागि सेवा प्रदायक छनोट भई निर्माण कार्य भइरहेको प्रवक्ता अर्यालले जानकारी दिनुभयो ।

उहाँका अनुसार सम्पन्न भइसकेका परियोजनामध्ये हालसम्म चार वटा परियोजनाको अनुगमन तथा प्रमाणीकरण कार्य सम्पन्न भइसकेको र दुईवटा परियोजनाको प्राधिकरणबाट नियुक्त परामर्शदाताबाट पहिलोचरण अन्तर्गतको अनुगमन तथा प्रमाणीकरण कार्य भइरहेको छ । यसैगरी ६ वटा परियोजनाको दोस्रोचरण अन्तर्गतको अनुगमन तथा प्रमाणीकरण कार्य भइरहेको तथा दुईवटा परियोजनाको अनुगमनको कार्य भइरहेको छ । त्यसमध्ये गत मङ्सिर मसान्तसम्म ४६ जिल्लामा शतप्रतिशत र बाँकी नौ जिल्लामा ५० प्रतिशत काम सम्पन्न भइ इन्टरनेटसेवा सञ्चालनमा आएको छ । त्यस्तै चार वटा प्याकेज अन्तर्गत १९ जिल्लामा नेटवर्क तथा कनेक्टिभिटी जडानको लागि सम्झौता भइसकेको प्राधिकरणले जनाएको छ । कूल रु पाँच अर्ब २६ करोड ९७ लाख ७० हजार रकममध्येमा हालसम्म रु दुई अर्ब ७४ करोड रकम ब्रोडब्याण्ड परियोजनाको लागि सेवा प्रदायकलाई भुक्तानी गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार उक्त परियोजना अन्तर्गत देशभरका नगरपालिका, गाउँपालिका, वडा कार्यालय, शैक्षिक संस्था तथा स्वास्थ्य संस्थामा निःशुल्क ब्रोडव्याण्ड इन्टरनेटसेवा उपलब्ध गराउन लागिएको हो ।

प्राधिकरणले सो कोष अन्तर्गत ब्रोडव्याण्ड इन्टरनेट विस्तारमा काठमाडौं उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुर जिल्लालाई समेटेको छैन ।

## भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लिं. शाखा कार्यालय राजविराज को २१ दिने सुचना

यस बैंकको तपसिल बमोजिमका कर्जाग्राहीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघि निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा यस कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको सांवा,ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुंदा यो सुचना प्रकाशित भएको मितिले **२१ दिन भित्र** सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सुचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वितिय संस्था सम्बन्धि ऐन २०७३, कृषि विकास बैंक लिं. को कर्जा असुली नियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिंदा लेखिदिएको **धितो लिलाम बिक्रि** वा अन्य व्यवस्था गरी बैंकको संपूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मंजुरीनामा दिनेहरुलाई समेत यसै सुचनाद्धार जानकारी गराईएको छ । यो पत्रिकामा नाम रहेको तर सूचना पाउनु पूर्व नै कर्जा चुक्ता गरिसकेको ग्राहकमा धन्यवाद ज्ञापन गर्दछौं ।

| सि.नं. | ग्राहक आईडी | ग्राहकको नाम | ठेगाना | सावा रकम | ०७७ मंसिर सम्मको ब्याज | जम्मा रकम | मिसिल नं. | बुवा/पतिको नाम | बाजे/ससुराको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १०६०१६४ | राजेन्द्र यादव | फर्सैठ ८ | ८००००० .०० | ९३००० .०० | ८९३००० .०० | १३३५२ | गोसाइ गादव | टेनी यादव |
| २ | ४४९८०४ | राजदेव यादव | नर्घो २ | १२५००० .०० | १२३५०० .०० | २४८५०० .०० | १३०७० | किसुन लाल यादव | बिहारी यादव |
| ३ | १०५४६७६ | राजो देवी यादव | देउरी भरुवा ३ | १५०००० .०० | ६४००० .०० | २१४००० .०० | १३३२९ | शिव नारायण यादव | भोला यादव |
| ४ | ४५०१९४ | राजकुमार झा | मलेकपुर ३ | ३९८७० .०० | ५५३०० .०० | ९५१७० .०० | १३१८७ | दोती झा | |
| ५ | ७५४३०३ | राधा देवी राजधोब | कटैया ४ | २००००० .०० | ४१५०० .०० | २४१५०० .०० | १३२९२ | गेनालाल प्रमाणी | लालजी प्रमाणी |
| ६ | १२८६४१८ | सुर्य नारायण यादव | छिन्नमस्ता ४ | ९५०००० .०० | ६०२०० .०० | १०१०२०० .०० | १३५१६ | बालगोविन्द मंडल | भागवत मंडल |
| ७ | ४४८६८६ | सत्य नारायण मेहता | बोरिया ८ | ८५०००० .०० | ९४००० .०० | ९४४००० .०० | २५९ | सत्य नारायण यादव | मधु यादव |
| ८ | ७५२७९९ | सत्य नारायण यादव | छिन्नमस्ता ५ | ५००००० .०० | २७५०० .०० | ५२७५०० .०० | १३२८४ | रामअधिन यादव | दोरिक यादव |
| ९ | ५१६७३९ | श्री लाल मंडल धानुक | रायपुर ४ | २५०००० .०० | ५६००० .०० | ३०६००० .०० | १३२२४ | सुकल मंडल धानुक | |
| १० | १२१९७३७ | श्रीराम ट्रेडर्स | कटैया ९ | ६२५००० .०० | १०५००० .०० | ७३०००० .०० | १३५०० | श्रीराम मंडल | |
| ११ | ४४९७८२ | अमेरिका देवी मंडल | राजविराज ६ | ९००००० .०० | ६६००० .०० | ९६६००० .०० | ५०३ | नौथनी मंडल | |
| १२ | १०८९५२५ | अर्जुन प्रसाद साह | कटैया ५ | ४००००० .०० | ९९५०० .०० | ४९९५०० .०० | १३३८९ | बुदिलाल साह | मितलाल साह |
| १३ | ४५०००४ | मालति देवी चौधरी | राजविराज ५ | ९८०००० .०० | १३७५०० .०० | १११७५०० .०० | ५३४ | तिलक धारी चौधरी | जैनुल |
| १४ | ४४९६०६ | भूपेन्द्र प्रसाद यादव | दिघवा ८ | ७००००० .०० | ९२००० .०० | ७९२००० .०० | ११६७० | विश्वनाथ यादव | अवधि यादव |
| १५ | ४५९६७५ | नागेश्वर प्रसाद साह | राजविराज ५ | ६००००० .०० | ६२५०० .०० | ६६२५०० .०० | १२७२६ | रामचरण साह | बच्चा साह |
| १६ | ७५६६५५ | प्रमोद कुमार झा | पत्थरगाढा ९ | ७७५००० .०० | १४२००० .०० | ९१७००० .०० | १३२९४ | राम नारायण झा | सोनेलाल झा |
| १७ | १०५५५२३ | बिनोद कुमार झा | बनैनियाँ ८ | २५०००० .०० | ३०००० .०० | २८०००० .०० | १३३३१ | सत्य नारायण झा | माधो झा |
| १८ | १०९९८३३ | लिलाकान्त राय अमात | इटहरी बिष्णुपुर ६ | ५६०००० .०० | ११८००० .०० | ६७८००० .०० | १३४१० | धनपति राय | पंची अमात |
| १९ | ११०७३९५ | उजान देवी धान चामल खरिद बिक्री केन्द्र | बेल्ही चपेना ४ | १९२५००० .०० | ९१२०० .०० | २०१६२०० .०० | १३४२२ | रामनाथ मंडल | सीताराम मंडल |
| २० | ४५३२६९ | उपेन्द्र प्रसाद यादव | फकिरा ५ | ९५०००० .०० | ५२५०० .०० | १००२५०० .०० | १३५६८ | मिश्रीलाल यादव | असर्फि यादव |
| २१ | ४५७७४० | उर्मिला देवी यादव | मधवापुर ९ | ६००००० .०० | १२५००० .०० | ७२५००० .०० | १३५२७ | रामदत्त गोइत | कारी प्रसैला यादव |
| २२ | ४४८७७७ | चन्द्र कुमारी साह | राजविराज ७ | १५००००० .०० | २३७००० .०० | १७३७००० .०० | ३६६ | अशोक कुमार साह | बासुदेव साह |
| २३ | १११०१२३ | कुमारी देवी | कटैया ६ | ५५०००० .०० | ७६००० .०० | ६२६००० .०० | १३४२४ | संजिव मुखिया | छुतहरु मुखिया |
| २४ | १५९९५८७ | कामेश्वर प्रसाद यादव | राजगढ ६ | ९५०००० .०० | ४२१०० .०० | ९९२१०० .०० | १३५७८ | शिव कुमारी यादव | बिन्देश्वरी प्रसाद यादव |
| २५ | ७१२३०५ | धर्मराज खरीद बिक्रि | फकिरा ५ | ९००००० .०० | ४७५०० .०० | ९४७५०० .०० | १३२३६ | योगेन्द्र प्रसाद यादव | तनुक लाल यादव |
| २६ | १३०३००२ | हरी नारायण साह | सिम्राहा सिंगयौन ८ | ५००००० .०० | ६०१०० .०० | ५६०१०० .०० | १३५२८ | अधिकारी साह | नथु साह |
| २७ | १०९१८१९ | श्याम कुमारी देवी | कटैया ६ | ३७५००० .०० | ६३५०० .०० | ४३८५०० .०० | १३३९३ | संजिव मुखिया | छुतहरु मुखिया |
| २८ | ७५२९२२ | माँ जलपा इटा उधोग | राजविराज १२ | ५८००००० .०० | ५७०००० .०० | ६३७०००० .०० | १३२८५ | प्रो. रामअवतार यादव | |
| २९ | १४३१३६९ | राम नारायण यादव | छिन्नमस्ता | ९५०००० .०० | १८६००० .०० | ११३६००० .०० | १३५७१ | मुरली यादव | अच्छे लाल यादव |
| ३० | ४४९३६१ | राम अशिष यादव | फकिरा ५ | ८५०००० .०० | १६४००० .०० | १०१४००० .०० | १२१५७ | मुज्जी यादव | भिखाई यादव |
| ३१ | १४६७९५ | रितिपा ट्रेडर्स एण्ड सप्लायर्स | प्रसबनी ५ | २०००००० .०० | १००००० .०० | २१००००० .०० | ६२६ | प्रो. तेजनारायण यादव | |
| ३२ | १०५९१५४ | चन्द्रकला कुमारी मंडल | छिन्नमस्ता ८ | ३५०००० .०० | १२६००० .०० | ४७६००० .०० | १३२४६ | डम्बर नरायण मडल | जगदिश मंडल अमात |
| ३३ | ४५०१९५ | देवनाथ यादव | राजविराज ५ | ५००००० .०० | ७१२०० .०० | ५७१२०० .०० | ३१५४ | सत्य नारायण यादव | लाली यादव |
| ३४ | १००५५७३ | शिव नारायण मंडल | छिन्नमस्ता ९ | ३५५००० .०० | १००००० .०० | ४५५००० .०० | १०३४४ | बच्चा मंडल | महगु मंडल |
| ३५ | ४४९०८७ | हरेराम साह | पत्थरगाढा ३ | १०००००० .०० | ७१००० .०० | १०७१००० .०० | १२८५४ | बद्री साह | महगी साह |
| ३६ | ४४९०३८ | अमना खातुन | फकिरा ६ | ८५०००० .०० | ६२००० .०० | ९१२००० .०० | ९४६७ | अजिज मियाँ | |
| ३७ | ४४९२६७ | रामविलास शर्मा | राजविराज १० | २५०००० .०० | १४२६०० .०० | ३९२६०० .०० | १२९२३ | मोतिलाल शर्मा | |
| ३८ | ४४९२६३ | शिव नारायण मंडल | गम्हरिया प्रवाहा | ३००००० .०० | ६२००० .०० | ३६२००० .०० | ६७८४ | जगसु खंग | धर्मी खंग |

# औषधी व्यावसायी संघको प्रदेश चुनाव सम्पन्न




**दैनिक समाचारदाता**
**सिरहा, १४ पुस ।**

नेपाल औषधी व्यावसायी संघको पहिलो पटक प्रदेशस्तरिय कार्यसमिति गठन भएको छ ।

संघको पुस ११ गते लहानमा सम्पन्न पहिलो प्रदेश अधिवेशनबाट १७ सदस्यीय कार्यसमिति गठन गरिएको छ ।

सिरहाका औषधी व्यावसायी शिवनाथ सिंहको नेतृत्वमा गठित कार्यसमितिमा थोक व्यावसायी तर्फका उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र महिला सदस्यमा सुमनकुमार केथाल, विरगंजका सुनिल लखोटिया, रौतहटका नन्दलाल साह र महोत्तरीका मन्दिरा भट्टराई निर्विरोध निर्वाचित भएको निर्वाचन समितिका संयोजक अधिवक्ता राजदेव यादवले जानकारी दिएका छन् ।

त्यस्तै निर्विरोध निर्वाचित हुने सदस्यहरुमा जनकपुरका श्याम सुन्दर झा र उमा शंकर साह, लहानका तापस कुमार सरकार तथा वारा, कलैयाका महेश मोदक रहेका छन ।

त्यस्तै बरिष्ठ उपाध्यक्षमा जनकपुरका राकेश कुमार साह तथा खुद्रा व्यावसायीको उपाध्यक्ष तर्फ राजविराजका बिनोद चन्द्र देव निर्वाचित भएका छन् ।

निर्वाचनमा विरगंजका पप्पूकुमार झा बिजयी भएका छन् । उप-कोषाध्यक्षको पदमा विरगंजका मानव राजपाल, थोक तर्फका सदस्यमा निरंजन प्रसाद साह र विरगंजका सुनिलकुमार बिजयी भएका छन् । त्यस्तै खुद्रा तर्फको राजविराजका प्रमोदकुमार यादव र विरगंजका गणेश प्रसाद साह बिजयी भएका छन् ।

प्रदेश २ का औषधी व्यावसायी सदस्य रहेका प्रदेश सभामा प्रतिनिधित्वको आधारमा कूल १ सय १९ जना मतदाता रहेकोमा १ सय ११ जनाले मतदान गरेको निर्वाचन समितिले जानकारी दिएको छ ।

यसअघि नेपाल औषधी व्यावसायी संघको सिरहा जिल्ला संयोजक श्याम प्रसाद राउतको अध्यक्षतामा सम्पन्न प्रदेश अधिवेशनमा संघका केन्द्रीय अध्यक्ष मृगेन्द्र मेहर श्रेष्ठ प्रमुख अतिथि रहेका थिए । आगामी चैत महिनाम केन्द्रीय समिति गठन हुने जनाइएको छ ।

प्रदेशको कार्यसमिति १९ सदस्यीय रहने व्यवस्था भए पनि एक जना सदस्य प्रदेश अध्यक्षले मनोनीत गर्ने र १ जना निवर्तमान अध्यक्ष पदेन सदस्य रहने व्यवस्था रहेको खुद्रा तर्फबाट समितिमा निर्वाचित विनोद चन्द्र देवले जानकारी दिए ।

## *ओली बिरुद्ध ...*

सहइन्चार्ज महेन्द्र पासवान, जिल्ला इन्चार्ज रामप्रित पासवान, प्रदेशसभा सदस्यद्वय गोबिन्द न्यौपाने, रुबी कर्ण, पूर्वमन्त्री उमेश यादव, प्रदेश कमिटि सदस्य महेश यादव लगायतले सम्बोधन गर्दै प्रतिनिधिसभा विघटनलाई असंबैधानिक भन्दै त्यस बिरुद्ध कानुनी र राजनीतिक लडाई सँगसँगै अघि बढाउने उद्घोष गरेका थिए ।

## माइग्रेशन सर्टिफिकेट हराएको सूचना

घरबाट लहान जाने क्रममा यही मिति २०७७/८/२५ गते माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा मोवाइल नं. ९८१६७६०१८६ मा तथा निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।

**नाम : निरोज कुमार चौधरी**
**ठेगाना : शम्भुनाथ नगरपालिका ११, सप्तरी**
**सिम्बल नं. : ३१५००२३५**
**रजिष्ट्रेशन नं. : ७२१५०४०२२**

# बक्यौता नपाउँदै किसानको मृत्यु

काठमाडौँ, १४ पुस (रासस) ।

सर्लाही रामनगर-७ का धनकौल उखु किसान नारायणराय यादव र सरकारबीच सम्पन्न सम्झौता कार्यान्वयन हुन नपाउँदै किसान यादवको मंगलबार बिहान ११ बजे मृत्यु भएको छ । सरकारले यादवको बक्यौता रु २४ लाख ६३ हजार मंगलबार मध्याह्न १२ बजे उपलब्ध गराउने सम्झौता गरेको थियो ।

यादवको बिहान ११ बजे नै मृत्यु भएकाले मंगलबार वितरण गर्ने भनिएको रु पाँच करोड दिइएको छैन । यही पुस १३ गते उद्योग, वाणिज्य र आपूर्ति मन्त्रालय र उखु किसान सङ्घर्ष समितिबीच सम्झौता भएको थियो ।

सरकारले सम्झौता भएको मितिदेखि २१ दिनसम्ममा बक्यौता देखिएका किसानका रु ६५ करोड उपलब्ध गराउने सम्झौता गरेको थियो । किसानले भने आफूहरूको कूल बक्यौता रु ९५ करोड रहेको जिकिर गर्दै आएका छन् । बाँकी रकम उपलब्ध गराउनुपर्ने हो वा होइन भन्ने सन्दर्भमा सरकारले उद्योग, गृह, अर्थ र कृषि तथा पशुपन्छी मन्त्रालयका प्रतिनिधि रहने गरी एक छानबिन समिति गठन गरेको छ ।

उखु किसान सङ्घर्ष समितिका संरक्षक राकेश मिश्रले यादवको रु १४ लाख ऋण रहेको जनाउँदै यादवको परिवारलाई सरकारले उचित क्षतिपूर्ति नदिएसम्म दाहसंस्कार नहुने राससलाई बताउनुभयो । गत मङ्सिर २८ गतेदेखि उखु बिक्री गरेबापतको बक्यौता भुक्तानी नपाएसम्म घर नफर्कने भनी काठमाडौँको माइतीघर मण्डलमा उखु किसान अनशन बस्दै आएका थिए । यादवको शहीद गङ्गालाल अस्पतालतमा हृदयाघात बन्द भई मृत्यु भएको थियो । सरकारले उद्योगीको राहदानी जफत, बैंक खाता सञ्चालन र सम्पत्ति बेचबिखनमा रोक एवं किसानलाई भुक्तानी दिन आलटाल गर्ने उद्योगी एवं सरोकार भएकाहरूलाई गिरफ्तार गर्ने सम्झौतामा भनिएको छ ।

**३३ करोड बक्यौता भुक्तानी**

उखु किसानको आन्दोलन शुरु भएपछि तीन चिनी मिलले रु ३३ करोड बक्यौता भुक्तानी गरेको उद्योग मन्त्रालयले जनाएको छ । मन्त्रालयका प्रवक्ता नारायण रेग्मीका अनुसार श्रीराम, अन्नपूर्ण, इन्दिरा र लुम्बिनी चिनी मिलले बक्यौता रकम भुक्तानी शुरु गरिसकेका छन् । उहाँका अनुसार सोमबारसम्म श्रीराम सुगर मिलले रु २६ करोड ११ लाख, अन्नपूर्ण तथा इन्दिराले रु पाँच करोड २६ लाख र लुम्बिनी सुगर मिलले रु दुई करोड भुक्तानी गरिसकेका छन् ।

सबै चिनी मिलले बाँकी रकम २१ दिनभित्र भुक्तानी गरिसक्ने भनी सहमति गरिसकेका छन् । मन्त्रालयको तथ्याङ्कअनुसार श्रीराम सुगर मिलको रु ३५ करोड, लुम्बिनी सुगर मिलको रु आठ करोड ४१ लाख, इन्दिरा सुगर मिलको रु चार करोड ७० लाख र अन्नपूर्ण चिनी मिलको रु सत्र करोड बक्यौता छ ।






# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*